# <u>प्रेस बिज्ञप्ती</u>

मिति २०७९।०६।०२ गते

**बागमती प्रदेश स्तरिय आत्महत्या रोकथाम सम्बन्धी सचेतनामुलक कार्यक्रम २०७९ सम्पन्न**

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको आयोजनामा **"बागमती प्रदेश स्तरिय आत्महत्या रोकथाम सम्बन्धी सचेतनामुलक कार्यक्रम-२०७९"** आज एक कार्यक्रमवीच सम्पन्न भएको छ । बागमती प्रदेशका माननीय मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्राङगढबाट प्लेकार्ड, माईकिङ, प्रहरी व्याड सहित प्रभातफेरी शुरुभई रोयल पाटी प्यालेस हेटौंडामा एक समारोहवीच कार्यक्रम गरिएको थियो ।

विश्व आत्महत्या रोकथाम दिवसको रुपमा नेपाल प्रहरीले उपत्यकामा केन्द्रियस्तरको, ७ वटा प्रदेश राजधानीमा प्रदेशस्तरिय र ७७ वटै जिल्ला सदरमुकाममा जिल्ला स्तरिय आत्महत्या रोकथाम सम्बन्धी र्‍याली सहितको सचेतनामुलक कार्यक्रम आज देशैभरी एकैपटक संचालन गरेको छ । यसको फलस्वरुप आज हेटौंडामा प्रदेश स्तरिय कार्यक्रम संचालन गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले आज प्रहरीले देशव्यापी संचालन गरेको यस कार्यक्रम अत्यन्त महत्वपुर्ण रहेको हुँदा यसले प्रदेश सरकार लगायत सरोकारवाला निकायहरुलाई एकपटक झकझकाएको छ । कार्यक्रममा प्रहरीले प्रस्तुत गरेको कार्यपत्रले प्रदेश सरकारलाई आत्महत्या रोकथामको लगि नीति बनाउन फलदायी हुनेछ बताउनु भयो । मानिसको जीवन सवैभन्दा महत्वपुर्ण भएको हुँदा यसलाई जोगाउन सवै पक्षले नैतिक शिक्षा लिन र दिन जरुरी रहेको समेत उहाँले बताउनुभयो ।

त्यसैगरी कार्यक्रमा मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले मानिसको जीवन अमुल्य भएकोले यसलाई जोगाउन सवै पक्षले आ-आफ्नो तबरबाट लाग्नुपर्ने र यस किसिमको सचेतनामुलक कार्यक्रम नियमित गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा बोल्दै प्रदेश प्रहरी प्रमुख किरण बज्राचार्यले बढ्दो आत्महत्याको दरलाई न्युनिकरण गर्न बागमती प्रदेश प्रहरीले विगतदेखिनै विभिन्न किसिमका सचेतनामुलक कार्यक्रमहरु गर्दै आईरहेकोमा यसलाई अझ बढी प्रभावकारी बनाउन प्रदेश सरकार, स्थानीत तह लगायत विभिन्न सरोकारवाला निकायहरुसंगको समन्वय र सहकार्यमा बढोत्तरी गर्दै आगामी दिनहरुमा अझबढी सक्रियताका साथ कार्य गर्ने कुरामा जोड दिनुभयो । प्रहरीको सहकार्यमा हातेमालो गर्न अन्य निकायहरुलाई यसै अवसरमा आह्वान समेत गर्नुभयो । व्यक्तिले आत्महत्या गर्नुअघि केही न केही प्रतिकृया जनाउने हुँदा त्यसलाई समयमानै पहिचान गरी परामर्श दिन सकेमा

यसको दर न्युनिकरणमा सहयोग पुग्नेछ। बढ्दो आत्महत्या न्युनिकरणको लागि तत्कालै नीति बनाउन जरुरी रहेको तथा सचेतनामुलक कार्यक्रममा समेत सवै पक्षको समन्वय र सहकार्य हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा हेटौंडा अस्पतालका चिकित्सक लव कार्कीले आत्महत्याको जोखिम क्षेत्र एवं वर्गको पहिचान गरी समयमानै मनोपरामर्श दिन ठाउँ ठाउँमा मनोपरामर्श केन्द्र स्थापना गर्नुपर्नेमा जोड दिनुभयो। त्यसैगरी संचारकर्मी मणीराज गौतमले बढ्दो आत्महत्याको दरलाई न्युनिकरण गर्न संचार माध्यमबाट विभिन्न किसिमका सचेतनामुलक कार्यक्रमलाई व्यापक रुपमा लैजाने कुरामा उहाँले बताउनु भयो।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतमले स्वागत मन्तव्य व्यक्त गर्नु भई बागमती प्रदेश प्रहरी प्रवक्ता प्रहरी बरिष्ठ उपरीक्षक दिपक रेग्मीले कार्यक्रमबारे प्रकाश पार्नुका साथै आत्महत्याको वर्तमान अवस्था, चुनौतिहरु तथा सम्भाव्य रोकथामका उपायबारे प्रस्तुतिकरण गर्नु भएको थियो।

कार्यक्रममा प्रमुख अतिथि माननीय मुख्यमन्त्री लगायत बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय कृष्ण प्रसाद शर्मा खनाल, सामाजिक विकास मन्त्री माननीय कुमारी मोक्तान, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिना कुमारी लामा, मकवानपुर स्थित विभिन्न पालिकाहरुका प्रमुखहरु, मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, जिल्ला सरकारी वकिल कार्यालय मकवानपुरका प्रमुख, जिल्ला सुरक्षा समितिका पदाधिकारीज्यूहरु, विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, स्थानिय जनप्रतिनिधिहरु, अस्पताल एवं जनस्वास्थ्य कार्यालयका प्रमुखहरु, सामुदायिक प्रहरी सेवा केन्द्रका पदाधिकारीहरु, विभिन्न संघसंस्थाका पदाधिकारीहरु, आमा समुहहरु, शिक्षक तथा विद्यार्थीहरु, युवा क्लबका पदाधिकारीहरु, मनोपरामर्श केन्द्रका व्यक्तित्वहरु, संचारकर्मीहरु एवं प्रहरी कर्मचारीहरु गरी करिब २,२०० जनाको सहभागी रहेको कार्यक्रम विहान ७:३० बजे सुरु भई विहान १० बजे समापन भएको थियो।

प्रवक्ता/सुचना अधिकारी
दिपक रेग्मी
(प्रहरी बरिष्ठ उपरीक्षक)
(९८५५०९०२४०)
बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा, मकवानपुर

## कार्यक्रमको औचित्य

आत्महत्याको प्रमुख कारण व्यक्तिको मनोदशा वा मानसिक स्वास्थ्य हो । मानिस मनोवैज्ञानिक रुपमा कमजोर हुँदै गएपछि निराशाको चरम रुप आत्महत्याको बाटो रोज्ने गर्दछ । तसर्थ अबका दिनहरुमा व्यक्तिको मानसिक स्वास्थ्य तथा मनोपरामर्शलाई ध्यान दिदै देशमा बढ्दो आत्महत्याको दरलाई न्युनिकरण गर्न प्रहरीको एकल प्रयासले मात्र संभव नहुने भएकोले बढ्दो आत्महत्या विरुद्ध तिन तहका सरकार, विभिन्न संघसंस्था तथा सरोकारवाला निकायहरु समेतलाई एकताबद्ध बनाउन नेपाल प्रहरीले आफ्नो वार्षिक कार्ययोजना २०७९ मा आत्महत्या रोकथाम सम्बन्धी सचेतनामुलक कार्यक्रम देशव्यापी रुपमा एकै पटक संचालन गर्न अवधारणापत्र तयार गरी कार्यक्रम संचालन गरिएको हो ।

नेपाल प्रहरीले उपत्यकामा केन्द्रियस्तरको, ७ वटा प्रदेश राजधानीमा प्रदेशस्तरिय र ७७ वटै जिल्ला सदरमुकाममा जिल्ला स्तरिय आत्महत्या रोकथाम सम्बन्धी र्‍याली सहितको सचेतनामुलक कार्यक्रम आत्महत्या रोकथाम दिवसको रुपमा आज देशैभरी एकैपटक संचालन गरेको छ । यसको फलस्वरुप आज हेटौंडामा प्रदेश स्तरिय कार्यक्रम संचालन गरिएको हो ।

## आत्महत्या सम्बन्धी तथ्याङ्कीय विश्लेषण

- बर्षेनी करिव ८ लाख मानिसले आत्महत्या गर्छन् । ( Source:-WHO )
- संसारभर बढी आत्महत्या हुने देशहरूमध्ये नेपाल ६७ औ स्थानमा छ
- विश्वमा प्रति ४० सेकेण्डको अन्तरमा १ जना मानिसले आत्महत्या गर्दछन्
- नेपालमा वर्षेनी औषत ७ हजार मानिसले आत्महत्या गर्ने गरेका छन्
- विश्व तथा नेपालमा महिला भन्दा पुरूषले बढी आत्महत्या गरेको देखिन्छ
- विश्वभर हुने आत्महत्या मध्ये ९० प्रतिशतभन्दा बढी आत्महत्याको कारण मानसिक समस्या हुने गरेको छ
- आत्महत्याका कारण मर्ने मानिसको संख्या द्धन्द्ध र प्रकृतिक प्रकोपका कारण ज्यान गुमाउनेको भन्दा बढि छ

## नेपालको प्रदेशगत आत्महत्याको अवस्था

| **आर्थिक वर्ष** | **२०७६।०७७** | **२०७७।०७८** | **२०७८।०७९** |
|---|---|---|---|
| प्रदेश नं. १ | १३३७ | १५१६ | १४८७ |
| लुम्बिनी प्रदेश | १२०१ | १३७८ | १२९७ |
| **बागमती प्रदेश** | **९३५** | **१०३६** | **९०२** |
| मधेश प्रदेश | ८०८ | ९५५ | १०१५ |
| गण्डकी प्रदेश | ५९० | ६४३ | ६९७ |
| सुदुर पश्चिम प्रदेश | ५४४ | ६८१ | ५७९ |
| उपत्यका | ५४६ | ५५० | ५२६ |
| कर्णाली प्रदेश | २८६ | ३६२ | २९० |
| **जम्मा घटना संख्या** | **६२४७** | **७१२१** | **६७९३** |

## बागमती प्रदेशको त्रिवर्षिय (आर्थिक वर्ष २०७६।०७७ देखि २०७८।०७९ सम्म) आत्महत्याको विवरण:

- आ.ब.२०७६।०७७ मा जम्मा अपराध दर्ता ४५९४ को २०% आत्महत्या सम्बन्धी अपराध भएको देखिन्छ ।
- आ.ब.२०७७।०७८ मा जम्मा अपराध दर्ता ४३४३ को २४% आत्महत्या सम्बन्धी अपराध भएको ।
- आ.ब.२०७७।०७८ मा जम्मा अपराध ४४०५ को २०% आत्महत्या सम्बन्धी अपराध भएको ।

**शिर्षकगत आत्महत्या घटना संख्या (बागमती प्रदेश उपत्यका बाहेक)**

| आर्थिक वर्ष | २०७६।०७७ | २०७७।०७८ | २०७८।०७९ |
|---|---|---|---|
| झुण्डी | ६९७ | ७७७ | ७२४ |
| बिष | २२२ | २४३ | १५८ |
| हामफालेर | १२ | १२ | १७ |
| आगो लगाएर | | २ | १ |
| करेन्ट लगाएर | | २ | |
| औजार हतियारबाट | ४ | | २ |
| **जम्मा** | **९३५** | **१०३६** | **९०२** |

- आ.ब.२०७६।०७७ मा भन्दा आ.ब.२०७७।०७८ मा ११% ले आत्महत्या अपराध बढेको
- आ.ब.२०७७।०७८ मा भन्दा आ.ब.२०७८।०७९ मा १३% ले आत्महत्या अपराध घटेको
- आ.ब.२०७७।०७८ मा सबै भन्दा बढी २१४ वटा आत्महत्या सम्बन्धी घटना चितवन जिल्लामा भएको

**आत्महत्या मृतकको लिंगको आधारमा (बागमती प्रदेश उपत्यका बाहेक)**

| आर्थिक वर्ष | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| २०७६।२०७७ | ३८२ | ५५३ | ९३५ |
| २०७७।२०७८ | ४१६ | ६२० | १०३६ |
| २०७९।०८० | ३६३ | ५३९ | ९०२ |

- आ.ब.२०७६।०७७ मा ९३५ वटा आत्महत्याको घटनामा ५५३ (५९%) पुरुष र ३८२ (४१%) महिलाको मृत्यु भएको
- आ.ब.२०७७।०७८ मा १०३६ वटा आत्महत्याको घटनामा ६२० (६०%) पुरुष र ४१६ (४०%) महिलाको मृत्यु भएको
- आ.ब.२०७८।०७९ मा ९०२ वटा आत्महत्याको घटनामा ५३९ (६०%) पुरुष र ३३६ (४०%) महिलाको मृत्यु भएको

**मृतकको उमेर समूहको आधारमा आत्महत्या (बागमती प्रदेश उपत्यका बाहेक)**

| आर्थिक वर्ष | ०७६।०७७ | ०७७।०७८ | २०७८।०७९ |
|---|---|---|---|
| १६ बर्ष मुनि | ४८ | ७५ | ५४ |
| १६-२५ बर्ष | १९२ | १९६ | १७४ |
| २६-३५ बर्ष | १८८ | २५१ | १५५ |
| ३६-४५ बर्ष | २१३ | २४२ | १७२ |
| ४६-६० बर्ष | १८६ | १५२ | २१२ |
| ६० बर्ष माथि | १०८ | १२० | १३५ |
| जम्मा | ९३५ | १०३६ | ९०२ |

- आ.ब.२०७६।०७७ मा सबै भन्दा वढी २१३ (२३%) जना ३६ देखी ४५ उमेर समूहमा पर्ने मानिहसरुको मृत्यु
- आ.ब.२०७७।०७८ मा सबै भन्दा वढी २५१ (२४%) जना २६ देखी ३५ उमेर समूहमा पर्ने मानिहसरुको मृत्यु
- आ.ब.२०७८।०७९ मा सबै भन्दा वढी २१२ (२४%) जना ४६ देखी ६० उमेर समूहमा पर्ने मानिहसरुको मृत्यु

## कारणको आधारमा आत्महत्या (बागमती प्रदेश उपत्यका बाहेक)

| आर्थिक वर्ष | २०७६।२०७७ | २०७७।२०७८ | २०७९।०८० |
|---|---|---|---|
| आवेशमा | २६० | १७२ | २७३ |
| मानसिक तनाव | ५२ | २०३ | १७२ |
| पारिवारिक बेमेल | ६७ | १४५ | ९३ |
| गरीबी | १९७ | ९५ | ७७ |
| नैरश्यता | ६९ | ४९ | ६० |
| प्रेममा धोका | ५७ | ७४ | ५३ |
| असफलता | २१ | १४० | २९ |
| व्यवसायिक तनाव | २२ | ४१ | १२ |
| अन्य | १९० | ११७ | १३३ |
| जमा | ९३५ | १०३६ | ९०२ |

- आ.ब.२०७६।०७७ मा ९३५ वटा आत्महत्याको घटनामा सबै भन्दा वढी २६० (२८%) जनाले आवेशमा आई आत्महत्या गरेको
- आ.ब.२०७७।०७८ मा १०३६ वटा आत्महत्याको घटनामा सबै भन्दा वढी २०३ (२०%) जनाले मानसिक तनावका कारण आत्महत्या गरेको
- आ.ब.२०७८।०७९ मा ९०२ वटा आत्महत्याको घटनामा सबै भन्दा वढी २७३ (३०%) जनाले आवेशमा आई आत्महत्या गरेको

## जिल्लागत आत्महत्याको अवस्था (बागमती प्रदेश उपत्यका बाहेक)

| आर्थिक वर्ष | चितवन | मकवानपुर | सिन्धुली | रामेछाप | दोलखा | काभ्रे | सि.पा. | नुवाकोट | धादिङ | रसुवा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।०७७ | १७९ | १४६ | ८१ | ५० | ५८ | १३६ | ११५ | ६५ | ९७ | ८ | ९३५ |
| २०७७।०७८ | २१९ | १४० | ६२ | ६५ | ७० | १३६ | ११० | ८६ | १४२ | ६ | १०३६ |
| २०७९।०८० | २१४ | १२५ | ७४ | ४३ | ५७ | ११६ | ९५ | ७७ | ९६ | ५ | ९०२ |

## बारको आधारमा (बागमती प्रदेश उपत्यका बाहेक)

| आर्थिक वर्ष | आईताबार | सोमबार | मगलबार | बुधबार | बिहिबार | शुक्रबार | शनिबार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २०७६।०७७ | १३८ | १२८ | १३६ | १२३ | १३८ | १२९ | **१४३** | ९३५ |
| २०७७।०७८ | १३२ | १४८ | १२८ | २२० | ११६ | **१८८** | १०४ | १०३६ |
| २०७९।०८० | ११७ | १४० | **१४१** | १२९ | १२२ | १२८ | १२५ | ९०२ |

## समयको आधारमा (बागमती प्रदेश उपत्यका बाहेक)

| आर्थिक वर्ष | २४:००-०६:०० | **०६:००-१२:००** | १२:००-१८:०० | १८:००-२४:०० | जम्मा |
|---|---|---|---|---|---|
| २०७६।०७७ | १५५ | **३२०** | २७१ | १८९ | ९३५ |
| २०७७।०७८ | १९६ | **३३०** | २६७ | २४३ | १०३६ |
| २०७९।०८० | १२९ | **३१५** | २८२ | १७६ | ९०२ |

**महिनाको आधारमा (बागमती प्रदेश उपत्यका बाहेक)**

| आर्थिक वर्ष | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माग | फागुन | चैत | बैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६।०७७ | ६५ | ७८ | ६५ | ६३ | ६९ | ६७ | ५२ | ५७ | ७० | ८३ | ९७ | **१६९** | ९३५ |
| २०७७।०७८ | **१०७** | ७८ | ९६ | ८३ | ७९ | ७१ | ७० | ७२ | ९४ | ९४ | ९८ | ९४ | १०३६ |
| २०७९।०८० | ६८ | ८६ | ६५ | ७६ | ६९ | ५० | ४५ | १०२ | ७४ | ६६ | ८८ | **११३** | ९०२ |

**आत्महत्या प्रयास गरेर बाँचेका मानिसहरुको विवरण (बागमती प्रदेश उपत्यका बाहेक)**

| **आर्थिक वर्ष २०७८।०७९ देखी हाल सम्म** | | | | | | |
|---|---|---|---|---|---|---|
| जिल्ला | विष सेवन | झुण्डी | औजार हतियार | हाम फाली | आगो लगाएर | जम्मा |
| चितवन | १३० | १३ | | ३ | १ | १४७ |
| काभ्रे | ५९ | ४ | १ | | | ६४ |
| नुवाकोट | ४४ | २ | | १ | | ४७ |
| धादिङ | ५२ | ३ | १ | | | ५६ |
| सिन्धुली | २९ | ४ | | | | ३३ |
| दोलखा | २० | ३ | | | | २३ |
| सि.पा. | १७ | ४ | | | | २१ |
| मकवानपुर | १४ | ३ | | | | १७ |
| रामेछाप | १७ | | | | | १७ |
| रसुवा | १ | | | | | १ |
| **जम्मा** | **३८३** | **३६** | **२** | **४** | **१** | **४२६** |

**आत्महत्याको नयाँ प्रवृत्ति**

- सामूहिक (साथी, परिवार, प्रेमी प्रमीका):- मिति २०७९।०४।८ गते झापा जिल्लाको कचनकवल गा.पा. मा १८, १७ बर्षकी किशोरीहरु (साथी) बयरको रुखमा झुण्डी मृत्यु भएको
- मिति २०७९।०४।२५ गते बझाङ जिल्लामा एकाघरका बर्ष २२ बर्ष, ५ बर्ष र ३ का व्यक्तीहरु एउटै रुखमा सलको पासो लगाई झुण्डी मृत अवस्थामा फेला परेको
- परिवार सदस्यहरुको हत्या गरी आफु पनि आत्महत्या गर्ने: - २०७९।०४।१६ गते काठमाण्डौ तार्केश्वरमा आफ्नै परिवारका ३ जना सदस्यहरुको हत्या गरी आफू पनि आत्महत्या गरेको
- मोक्ष प्राप्तिका लागि आत्मदाह गर्ने
- मुस्लिम समुदायमा Suicide Attack